नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या:२०७५/७६
चलानी नं. : ३४८

मिति : २०७५।०९।२४

**श्री स्थानीय तह (१३ जिल्ला),**
**(मोरङ्ग, मोहत्तरी, धनुषा, रौतहट, बारा, पर्सा, चितवन, रुपन्देही, वर्दिया, बाँके, कपिलवस्तु, दाङ्ग, कञ्चनपुर)।**

**विषय:- भूमिहीनहरुको लगत तयार गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च. नं.४२८, मिति २०७५/९/२२ को पत्रबाट भूमिहीनहरुको लगत तयार गर्ने सम्बन्धी प्राप्त पत्र यसैसाथ संलग्न छ । उक्त पत्रानुसार भूमिहीनहरुको लगत तयार गर्ने सम्बन्धमा आवश्यक कारवाहीको लागि निर्णयानुसार लेखी पठाईएको व्यहोरा अनुरोध छ ।

...............................
**जनकराज शर्मा**
**शाखा अधिकृत**

**बोधार्थ:**
श्री सूचना तथा प्रविधि शाखा: website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
जग्गा प्रशासन

प.सं. ०७५।०७६(ज.टि.३०२५)६/१/२।०८८
च.नं.

मिति:२०७५/०९/२२

विषय:- भूमिहीनहरुको लगत तयार गर्ने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

साविकदेखि बसोवास गरी आएका तर आफ्नो नाममा घर जग्गाको स्वामित्व नभएका भूमिहीनहरुको लगत तयार गर्ने सन्दर्भमा पहिलो चरणमा निम्न १३ जिल्लाहरुबाट प्रारम्भिक सूचनाहरु संकलन गर्न उपयुक्त हुने भएकोले उल्लिखित जिल्लाहरुबाट भूमिहिन सम्बन्धी तथ्याङ्क संकलन गर्ने कार्य स्थानीय तहहरुबाटै गर्दा तथ्यपरक वस्तुनिष्ठ सूचना छोटो समयमा प्राप्त गर्न सकिने भएको हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय तहलाई पत्रचार गर्न अनुरोध गर्ने भनी नेपाल सरकार (मा.मन्त्रिस्तर) बाट मिति २०७५/०९/१० मा निर्णय भएको हुँदा लगत संकलन सम्बन्धी फारमको नमूना संलग्न राखी पठाइएकोमा उक्त फाराममा केही संशोधन गरी संशोधित फाराम यसै साथ संलग्न गरी पठाइएको छ ।

निम्न

१. मोरङ्ग २. मोहत्तरी ३. धनुषा ४. रौतहट ५. बारा ६. पर्सा ७. चितवन ८. रुपन्देही ९. वर्दिया १०. बाँके ११. कपिलवस्तु १२. दाङ्ग १३. कञ्चनपुर

(कमलराज गौतम)
शाखा अधिकृत

श्रीमान्
यसै बमोजिमको पत्र पठाउन स्वीकृतार्थ पेश गर्दछु।
२०७५/०९/२२
सह-सचिव

# भूमिहिनहरुको लगत संकलन फारम

| सि.नं. | भूमिहिनको नाम /थर | **बसोवास** गर्दै आएको स्थानको प्रकृति | परिवार सदस्य | रोजगारीको अवस्था | अन्यत्र जग्गा जमिन भए/नभएको | बैंक खाता | अस्थायी घर नं. | नागरिकता लिएको जिल्ला र नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| ४. | | | | | | | | | |
| ५. | | | | | | | | | |
| ६. | | | | | | | | | |
| ७. | | | | | | | | | |
| ८. | | | | | | | | | |

(पेश गर्ने)

(प्रमाणित गर्ने)